मिति: २०७९।११।०३ , बैठक संख्या - ११

आज मिति २०७९।११।०३ गते बुधवारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को एघारौँ गाउँ कार्यपालिका बैठक द्वारातल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित

गरियो ।

**<u>उपस्थिति :</u>**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी

...........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई

..............................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन

...............................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या

...........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ

.......................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी

....................................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ

.........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ

.....................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु

...........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती

.........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई

..................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती

...........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई

........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया

.................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा

..............................................................................

१६. **सदस्य सचिव** श्री प्रकाश अधिकारी

.........................................................................

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान

.......................................................................................

१८.आमन्त्रित सदस्य श्री सुवास भट्टराई

......................................................................................

१९.आमन्त्रित सदस्य श्री दुर्गा प्रसाद तिमिल्सिना

...........................................................................

२०. कार्यालय सहयोगी श्री बजिन्द्र पुरी

......................................................................................

मिति: २०७९।११।०३ , बैठक संख्या - ११

**प्रस्तावहरु:-**

१. आर्थिक सहायता कार्यविधि, २०७९ सम्बन्धमा ।
२. हिलिहाङ गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विद्येयक, २०७९ सम्बन्धमा ।
३. हिलिहाङ गाउँपालिकाको खेलकुद विकास विद्येयक, २०७९ सम्बन्धमा ।
४. मेलमिलापकर्ता सुचीकृत सम्बन्धमा ।

मिति: २०७९।११।०३ , बैठक संख्या - ११

**निर्णय नं. - १**

हिलिहाङ गाउँपालिकामा आर्थिक रुपले विपन्न, अपाङ्ग, वेवास्तामा परेका ज्येष्ठ नागरिक, जटिल तथा घातक प्रकृतिका स्वास्थ्य उपचारका लागि आर्थिक सहायता दिन सो सम्बन्धी कानून बनाउन आवश्यक भए बमोजिम 'आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९' लाई स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न,अपांग,वेवास्तामा परेका जेष्ठ नागरिक, जटिल तथा घातक प्रकृतिका स्वास्थ्य उपचारका लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानुन बनाउन वान्छनिय भएकोले हिलिहाङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले हिलिहाङ गाउँपालिकालाई सम्झनुपर्छ ।
(ख) "गाउँ कार्यपालिका" भन्नाले हिलिहाङ गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।
(ग) "वडा कार्यालय" भन्नाले हिलिहाङ गाउँपालिका भित्रको सम्बन्धित वाडकार्यालयलाई सम्झनु पर्दछ ।
(घ) "आर्थिक सहायता" भन्नाले हिलिहाङ गाउँपालिकामा अक्सर बसोबास गर्ने नागरिकहरुलाई यस कार्यविधिले निर्दिशष्ट गरेअनुसार एक पटकको लागि उपचार वा अन्य आर्थिक सहायता उपलब्ध गराउने भन्ने बुझ्नु पर्दछ ।
(ङ) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले क्यान्सर, मुटु, मृगौला, फोक्सो, कलेजोसम्बन्धी गम्भिर तथा घातक प्रकृतिका रोग लागेका तथा मानसिक सन्तुलन गुमाएका आर्थिकरुपमा विपिन्न नागरिकहरु, घरेलु हिंसा, यौन हिंसावाट आक्रान्त र पिडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपुर्ण श्रममा संलग्न भएको, हराएको, वेवारिसे अवस्थामा फेला परेको, शारिरिक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पिडित, गम्भिर दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा

परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन ओसारपसारमा परेको, हिंसा पिडित बाबु आमा वा संरक्षकबाट बञ्चित, अपांग भएको सुस्त मनस्थिति भएको,अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, दैविक प्राकृतिक प्रकोप वा मानविय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पति क्षतिभएको बुझ्नु पर्दछ । सरकारी तलब,भत्ता तथा जुनसुकै निकायबाट प्राप्त हुने पेन्सन सुविधा पाईरहेकाले यो सेवासुविधा प्राप्त गर्ने छैन ।

(च) "न्यायिक समिति" भन्नाले हिलिहाङ गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनुपर्छ ।

(छ) "गाउँपालिका प्रमुख" भन्नाले हिलिहाङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हिलिहाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) "वडा अध्यक्ष" भन्नाले हिलिहाङ गाउँपालिका भित्रको सम्बन्धित वडाको वडाअध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. उपचार सहायताः- (१) आर्थिक सहायता पाउन योग्य दिर्घ तथा घातक रोगी (क्यान्सर,मृगौला, मुटु, फोक्सो, कलेजोलगायत) तथा मानसिक सन्तुलन गुमाएका व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागी सम्बन्धित वडाको सिफारिस र आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "अस्पतालको रिपोर्ट, प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारको रोग पहिचान एवं वर्गिकृत सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।"

(२) उपखण्ड (१) बमोजिम प्रक्रिया पुरा भएपश्चात रोगको जटिलता पहिचान गरि 'क' 'ख' 'ग' मा वर्गिकृत भएका बिरामीहरुका लागि तपशिलबमोजिमको आर्थिक सहायता उपलब्ध गराईने छ ।

क. 'क' वर्गका लागि सिफारिस भएका बिरामीहरुको लागि रु २०,०००।- अक्षरेपी बिस हजार मात्र ।

ख. 'ख' वर्गका लागि सिफारिस भएका बिरामीहरुको लागि रु १५,०००।- अक्षरेपी पन्ध्र हजार मात्र ।

ग. 'ग' वर्गका लागि सिफारिस भएका बिरामीहरुको लागि रु १०,०००। अक्षरेपी दश हजार मात्र ।

मिति: २०७९।११।०३ , बैठक संख्या - ११

(३) हिंसा पिडित तथा बेचबिखनमा परेकालाई सहायताः- (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेको महिलाहरुको लागी रु १०,०००/- ( दश हजार ) सम्म आर्थिक सहायता उपलब्ध गराउन  सकिनेछ । स्थानीय मेलमिलाप तथा न्यायिक समितिको सिफारिसमा सहायता रकम प्रदान गरिनेछ ।
(२) पिडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।
(४) आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः – (१) आर्थिक कारणले जोखिमपुर्ण श्रममा संलग्न भएको,हराएको,  वा वेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ति श्रमबाट पिडित भएको शारिरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, वाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसंग सम्बन्धित रहेको कारणले वेवारिसे  रहेको यौन शोषण यौन दुर्व्यवहार, बेचबिखन ओसारपसारमा परेको हिंसा पीडित बाबु आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको,  सुस्त मनस्थिती भएको, अपहरणमा वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट सङ्क्रमित बालबालिका भएमा तत्काल उद्धार गरी उपचार वा पालन पोषणको लागी रु १००००/-(दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । जसका लागि अवस्था वा घटना पुष्टि हुने कागजात आवश्यक रहने छ ।
(२) उपखण्ड (१)मा उल्लैखित बालबालिकाको शिक्षा तथा पालन पोषणको;लागि वाल उद्धार गृह तथा संस्थागत विद्यालय संग समन्वय गरी छात्र वृति मार्फत शिक्षा तथा पालनपोषणको ब्यवस्था गर्न सकिनेछ ।
(५) वेवास्तामा परेका ज्येष्ठ  नागरिकलाई सहायताः- दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले वेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताका लागि गाउँपालिकामा निवेदन पेश गरेमा र पुनस्थार्पना गर्न आवश्यक देखिएमा रु १०,०००/- (दस हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागी पहल गर्न सकिनेछ ।

(६) मानसिक रोगिलाई सहायता:- (१) अति विपन्न तथा विपन्न परिवारको मुख्य आय आर्जन गर्ने सदस्यले मानसिक सन्तुलन गुमाएमा सो को उपचारर्थ एवं यातायात खर्चवापत रु ५०,०००।- (पचास हजार) सम्म दिन सकिनेछ ।

- अति विपन्न तथा विपन्न भनि प्रमाणित कागजात एवं अस्पतालामा उपचार गराएवापतको कागजात आवश्यक पर्ने

(७) भैपरि एवं आकस्मिक घटना आर्थिक सहायताः (१) न्युनिकरणका उपायहरु अपनाउदा अपनाउदै सङ्कट आइपर्ने र उक्त सकंट व्यवस्थापन गर्न केहि आर्थिक तथा भौतिक सहायता

प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएपनि राहत पुग्ने महसुस गर्दै तपसिल अनुसारको शिर्षकमा आर्थिक सहायता प्रदान गरिनेछ ।

| कारण | सहायता गर्न सकिने रकम (काज किरिया खर्च वापत ) |
|---|---|
| दुर्घटना (करेन्ट, साधन र औजारवाट मृत्यु) | २०,०००/- |
| रुख, खोलानाला, भीर पहिरो आदिवाट मृत्यु | २०,०००/- |
| वेवारिसे लास व्यवस्थापन (बाहिरबाट आएको वा गाउँपालिका भित्र) | १५,०००/- |
| गाउँपालिका भित्रको ठाउँ ठेगाना खुल्ने गरी बाहिर गएर मरेको | १०,०००/- |
| गाउँपालिका स्थायी बासिन्दा बैदेशिक रोजगारका क्रममा मृत्यु भएको | १०,०००/- |
| बिषालु पदार्थ सेवन गरि मृत्यु भएमा (आत्महत्या बाहेक) | २०,०००/- |
| जनावरको आक्रमणबाट मृत्यु भएमा | २०,०००/- |

ख, अति विपन्न तथा विपन्न परिवारमा कुनै पनि आकस्मिक दुर्घटना भई घाईते भएमा उपचारको लागी जनहि रु १०,०००।-

(८) यस कार्यविधिमा उल्लेख भएभन्दा फरक परिस्थिति वा घटना हुन गएमा गाउँकार्यपालिकाबाट आकस्मिक निर्णय गरि आर्थिक सहायता उपलब्ध गराउन बाधा पर्ने छैन ।

## परिच्छेद-३
## विविध

(९). निवेदनका ढाँचा;- खण्ड ३,४,५,७,८ र ९ अनुसार सहायता पाउन सम्बन्धित वडा कार्यलयको सिफारिस सहित अनुसुची १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(१०). अधिकार प्रत्यायोजन गर्न सकिनेः- यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको अधिकार गाउँकार्यपालिकाले गाउँपालिका अध्यक्षसँग समन्वय गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

(११) आर्थिक सहायता कोषः- (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने प्रयोजनार्थ 'अन्य आर्थिक सहायता' खर्च शिर्षक सभाद्धारा बजेट विनियोजन गरि खर्च गरिने छ ।

अनुसुची-१

(खण्ड ९ सँग सम्बन्धित)

मितिः २०७९।११।०३ , बैठक संख्या - ११

श्रीमान् गाउँपालिका प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मितिः-

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर ।

बिषयः-**आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।**

महोदय,

प्रस्तुत बिषयमा म/हामी ....................................... ................................................. ................ समस्याले ग्रसित भई ............................................................................................ ............ गर्नका लागि सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौ । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनहुन / निशुल्क उपचारको लागी सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/ गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/ विवाहदर्ता / को प्रतिलिपि
३. स्वास्थ्य संस्थाको रिपोर्ट
४. प्रहरी मुचुल्काको प्रतिलिपि
५. सरकारी/ वडा कार्यालयबाट प्रमाणित कागजात/ सिफारिस
६. अन्य कागजातहरु आवश्यकता अनुसार

निवेदक

नामः

ठेगानाः

हस्ताक्षरः

मिति: २०७९।११।०३ , बैठक संख्या - ११

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायिकरण गर्न,कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि बनेको ' हिलिहाङ गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विद्येयक २०७९ ' लाई तेह्रौँ गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिका क्षेत्र भित्र खेलकुद सञ्चालन, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण,खेलाडीहरुको व्यवसायिक सुरक्षा,वडास्तरीय,गाउँपालिकास्तरीय, प्रदेश, राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकासका लागि बनेको 'हिलिहाङ गाउँपालिकाको खेलकुद विकास विधेयक २०७९' लाई तेह्रौँ गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - ४**

न्यायिक समितिको मिति २०७९ फाल्गुन १ गते बसेको बैठकको निर्णयनुसार र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ मा उल्लेखित विवादहरु जीत जीतको महशुस गराउन तथा मेलमिलापका माध्यमबाट मिलापत्र गराउनको लागि यस गाउँपालिकामा मेलमिलाप सम्बन्धी ४८ घण्टाको आधारभूत तालिम लिएका मेलमिलापकर्तालाई सुचिकृत गर्नको लागि यस कार्यपालिकाबाट तपशिलका मेलामिलापकर्ताहरुलाई नामावली हिउँदे अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | नाम/थर | पद | ठेगाना |
|---|---|---|---|
| ०१ | धिरेन लिङ्देन | मेलमिलापकर्ता | हिलिहाङ-१ |
| ०२ | विष्णु लिङदेन | मेलमिलापकर्ता | हिलिहाङ- १ |
| ०३ | विश्वराज ढकाल | मेलमिलापकर्ता | हिलिहाङ- १ |
| ०४ | रमा वाग्ले | मेलमिलापकर्ता | हिलिहाङ- १ |
| ०५ | कामुदा गुरुङ | मेलमिलापकर्ता | हिलिहाङ- २ |

मिति: २०७९।११।०३ , बैठक संख्या - ११

| | | | |
|---|---|---|---|
| ०६ | हस्त बहादुर भट्टराई | मेलमिलापकर्ता | हिलिहाङ- २ |
| ०७ | राज कुमारी अधिकारी | मेलमिलापकर्ता | हिलिहाङ– २ |
| ०८ | मेघराज कटुवाल | मेलमिलापकर्ता | हिलिहाङ– ३ |
| ०९ | चन्द्रकला अधिकारी | मेलमिलापकर्ता | हिलिहाङ– ३ |
| १० | खेमराज आचार्य | मेलमिलापकर्ता | हिलिहाङ– ३ |
| ११ | रचना उप्रेती | मेलमिलापकर्ता | हिलिहाङ– ३ |
| १२ | तारा कुमारी योङहाङ | मेलमिलापकर्ता | हिलिहाङ– ४ |
| १३ | लक्ष्मी प्रसाद दंगाल | मेलमिलापकर्ता | हिलिहाङ– ४ |
| १४ | लिला चापागाईं | मेलमिलापकर्ता | हिलिहाङ– ४ |
| १५ | भिमकला शिगु | मेलमिलापकर्ता | हिलिहाङ– ४ |
| १६ | चन्द्रमान योङहाङ | मेलमिलापकर्ता | हिलिहाङ– ५ |
| १७ | रण बहादुर सुहाङ | मेलमिलापकर्ता | हिलिहाङ -५ |
| १८ | शेर बहादुर केरुङ | मेलमिलापकर्ता | हिलिहाङ– ५ |
| १९ | पवित्रा खनाल | मेलमिलापकर्ता | हिलिहाङ– ५ |
| २० | लक्ष्मी रिजाल | मेलमिलापकर्ता | हिलिहाङ– ६ |
| २१ | हरीराज लोवा | मेलमिलापकर्ता | हिलिहाङ– ६ |
| २२ | विमलादेवी खतीवडा | मेलमिलापकर्ता | हिलिहाङ– ६ |
| २३ | विमाया लिङ्देन | मेलमिलापकर्ता | हिलिहाङ– ६ |
| २४ | दिपा काफ्ले | मेलमिलापकर्ता | हिलिहाङ– ७ |
| २५ | पदम नारायण पन्थाक | मेलमिलापकर्ता | हिलिहाङ– ७ |
| २६ | रमेश तिमसिना | मेलमिलापकर्ता | हिलिहाङ– ७ |
| २७ | वर्षा राई | मेलमिलापकर्ता | हिलिहाङ– ७ |

मिति: २०७९।११।०३ , बैठक संख्या - ११

**निर्णय नं. ५**

आ व २०७९/८० को नियमित हिउँदे अधिवेशन (तेह्रौँ गाउँसभा) आगामी २०७९ फागुन ०५ गते आव्हान भईसकेकोले उक्त हिउँदे अधिवेशन मार्फत अघिल्लो बजेट अधिवेशनबाट स्विकृत तपशिलका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको परिवर्तित अवस्था, प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरी निम्नानुसारको संशोधित योजना तथा कार्यक्रमहरु सभामा पेश गर्ने निर्णय गरियो ।

**रकमान्तर हुने आयोजनाहरुको विवरण**

| सि नं. | रकमान्तर हुने पूर्व स्वीकृत आयोजनाहरु | स्विकृत बिनियोजित बजेट | आयोजना सन्चालन हुने स्थान | ठेक्का सम्झौता रकम | रकमान्तर हुने बाँकी बजेट |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |